# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ अंक ११३ काठमाडौं सोमबार, ३० साउन २०७९ Prabhab National Daily, Monday, Aug 15, 2022 URL : www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


## राष्ट्रपतिले फिर्ता गरिन् नागरिकता विधेयक

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक फिर्ता गरेकी छन् । संघीय संसद्को दुवै सदनबाट पारित भई सभामुखले प्रमाणीकरणका लागि पठाएको नागरिकता विधेयक उनले आइतबार १५ बुँदे सन्देशसहित फिर्ता गरेकी हुन् । सन्देशमा राष्ट्रपति भण्डारीले नौ वटा विषयलाई गम्भीरताका साथ उठाएकी छन् ।

सन्देशमा नागरिकता कानुन बनाउँदा ऐतिहासिक पक्षहरूको समग्र अध्ययन आवश्यक रहेको उल्लेख गरिएको छ । यस्तै, नागरिकताका सिद्धान्तहरूमा स्पष्टताको खोजी गरिएको छ । नागरिकताको विषयलाई स्थायीरूपमा समाधान गरिनुपर्ने तथा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनमासमेत राष्ट्रपति भण्डारीले चासो व्यक्त गरेकी छन् ।

उनले स्वघोषणाबारे गम्भीर ध्यानाकर्षण भएकोसमेत सन्देशमा उल्लेख गरेकी छन् । साथै, मधेसको भावना सम्बोधन गर्नुपर्ने, प्रादेशिक पहिचानबारे संविधानको व्यवस्था ऐनमा नदेखिएको तथा नागरिकता कानुन बनाउन ढिला गर्न नहुने विषयलाई जोड दिइएको छ । यसअघि केपी ओलीद्वारा जारी गरिएको नागरिकता अध्यादेशका सम्बन्धमासमेत राष्ट्रपतिको सन्देशमा प्रस्टीकरण दिइएको छ ।

राष्ट्रपति भण्डारीले नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरणका लागि पेस हुन आएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकलाई पुनर्विचार गर्नका लागि प्रतिनिधिसभामै फिर्ता पठाइएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

नेपालको संविधानबमोजिम नागरिकता प्राप्तिसम्बन्धी विषयमा संघीय संसद्बाट पुनर्विचार हुन आवश्यक देखिएकोले नेपालको संविधानको धारा ११३ को उपधारा (३) बमोजिम सन्देशसहित विधेयक राष्ट्रपतिले प्रतिनिधिसभामा फिर्ता पठाएको राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यले बताएका छन् ।

प्रतिनिधिसभा र राष्ट्रिय सभाले जन्मका आधारमा नेपाली नागरिकता पाएकाहरूको सन्तानले वंशजको नागरिकता पाउने र आमाको नामबाट नागरिकता लिन पाउने व्यवस्थासहित नागरिकता विधेयक पारित गरेर राष्ट्रपतिसमक्ष पठाएको थियो । राष्ट्रपति भण्डारीले नागरिकता विधेयक (**बाँकी पृष्ठ ५ मा**)



### यी हुन् राष्ट्रपतिले उठाएका ९ विषय

- नागरिकता कानुन बनाउँदा ऐतिहासिक पक्षहरूको समग्र अध्ययन आवश्यक
- नागरिकताका सिद्धान्तहरूमा स्पष्टताको खोजी
- नागरिकताको विषयलाई स्थायीरूपमा समाधान गरिनुपर्ने
- प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनमा चासो
- मधेसको भावना सम्बोधन
- स्वघोषणाबारे गम्भीर ध्यानाकर्षण
- प्रादेशिक पहिचानबारे संविधानको व्यवस्था ऐनमा नदेखिएको
- केपी ओलीद्वारा जारी गरिएको नागरिकता अध्यादेशका सम्बन्धमा
- नागरिकता कानुन बनाउन ढिलो गर्नु हुँदैन

## फोहोरमा 'फोहोरी राजनीति'

काठमाडौंको फोहोर केवल फोहोर मात्र होइन । कसैको राजनीतिक र व्यक्तिगत अभिष्ट पूरा गर्ने माध्यम बनेको छ । यही फोहोरलाई देखाएर दलहरूले 'फोहोरी राजनीति' गरिरहेका छन् ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेका सांसद योगेशकुमार भट्टराईले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) शाहलाई फोहोर व्यवस्थापनको ठोस प्रस्तावसहित एमालेसँग आउन अपिल गरे । आइतबारको प्रतिनिधिसभा बैठकको शून्य समयमा बोल्दै उनले एमाले पूर्णक्षमताका साथ सहयोग गर्न तयार रहेको बताउँदै यसका लागि बालेन ठोस प्रस्तावसहित आउनुपर्ने बताए ।

सोही बैठकमा एमालेकै अर्का सांसद रामविर मानन्धरले काठमाडौंको फोहोर व्यवस्थापनका लागि एउटा शक्तिशाली समिति गठन गर्न सभामुखमार्फत् सरकारसँग माग गरे । उनले काठमाडौंलाई अस्तव्यस्त र ध्वस्त हुनबाट बचाउनका लागि शक्तिशाली समिति गठन गर्न माग गरेका हुन् । मानन्धरले काठमाडौंलाई व्यवस्थित गर्नका लागि आफ्नै नेतृत्वमा भए पनि समिति गठन गर्न माग गरे । उनले ६० दिनअघि काठमाडौंको फोहोरको बारेमा संसद्मा प्रस्ताव पेस गरेको बताउँदै ७१ दिनसम्म पनि फोहोरमैला नउठेको बताए ।

यता संसद्मा फोहोर व्यवस्थापनमा कुरा चलिरहँदा फोहोर व्यवस्थापनस्थल बञ्चरेडाँडामा भने स्थानीयको अवरोध भइरहेको थियो । फोहोर बोकेको गाडीले बाख्रा मारेको भन्दै स्थानीयवासीले काठमाडौं उपत्यकाको फोहोर बोकेका गाडी बञ्चरेडाँडा पुऱ्याउन स्थानीयले अवरोध गरेका थिए । शनिबारदेखि काठमाडौंको फोहोर उठ्न थाले पनि अँइतबार स्थानीयले अवरोध गरेपछि लक्ष्यअनुसार गाडी बञ्चरेडाँडा पुग्न सकेनन् ।

काठमाडौं महानगरपालिकाका मेयर शाहले कुनै अवरोध नभए आइतबारदेखि ३५० वटासम्म फोहोरका गाडी बञ्चरेडाँडा पुग्ने बताएका थिए । शनिबार राति मेयर शाहले सामाजिक सञ्जालमार्फत् यस्तो जानकारी गराए पनि आइतबार भने अवरोध खेप्नुपऱ्यो । बञ्चरेडाँडाभन्दा पहिल्यै तीनपिप्ले क्षेत्रमा पनि बिहानै फोहोरका गाडीमा स्थानीयले अवरोध गरेका थिए । तारेकश्वर नगरपालिका-३ का अध्यक्ष पर्शुराम अर्यालका अनुसार शनिबार राति अज्ञात समूहले तीनपिप्ले आठमाइलनजिक ढकाल खोलामा करिब तीन ट्रक फोहोर फालेका थिए ।

पानीको मुहानमा फोहोर फालिएको भन्दै स्थानीयले बिहान सडक अवरूद्ध गरे । तर, प्रहरीसँग समन्वय गरेर दोषी पत्ता लगाउने भनेर स्थानीयलाई सम्झाएपछि अवरोध खुलेको थियो । बञ्चरेडाँडामा पनि सहमतिपछि अवरोध खुलाइएको थियो ।


यी घटनाले बताउँछ, काठमाडौंको फोहोर केवल फोहोर मात्र होइन । कसैको राजनीतिक र व्यक्तिगत अभिष्ट पूरा गर्ने माध्यम पनि बनेको छ । सबैभन्दा दुःखको कुरा यही फोहोरलाई देखाएर दलहरूले ' फोहोरी राजनीति' गरिरहेका छन् ।

एकै दिन दुई ठाउँमा भएको अवरोध सहमति जुटाएर हटाउँदा पनि फोहोर रोकेपछि काठमाडौं महानगरका अधिकारीहरूले यसलाई फोहोरमाथि भएको राजनीति भनेका छन् । गत स्थानीय निर्वाचनमा स्वतन्त्रबाट उम्मेदवारी दिएका शाहले दलीय उम्मेदवारलाई हराउँदै महानगर प्रमुखमा निर्वाचित भएका थिए । त्यही 'रिस फेर्न' यतिबेला दलहरू फोहोर व्यवस्थापनमा अवरोध गर्न लागिरहेको मेयर शाहको बुझाइ छ ।

### "अब फोहोर फाल्न दिन्नौं"

बालेनको बुझाइलाई बल पुग्नेगरी काठमाडौं उपत्यकामा उत्पादन हुने फोहोर ल्याण्डफिल साइटमा ल्याउन नदिने तीन राजनीतिक दलका स्थानीय प्रतिनिधिले घोषणा गरेका छन् । आइतबार नेपाली कांग्रेस धुनिवेशी नगरपालिका सभापति पूर्ण तामाङ, माओवादी केन्द्रका नगर अध्यक्ष विष्णु तामाङ र एकीकृत समाजवादी पार्टीका नगर अध्यक्ष भिषण धितालले संयुक्त विज्ञप्ति निकाल्दै यस्तो घोषणा गरेका हुन् ।

विगत १७ वर्षदेखि काठमाडौं महानगरलगायत अन्य धेरै नगरपालिकाको फोहोर धादिङ र नुवाकोटको सिमाना सिसडोल र पछिल्लो समय बञ्चरेडाँडामा अव्यवस्थित तरिकाले फाल्दै आएको भन्दै उनीहरूले आक्रोश पोखेका छन् । अव्यवस्थित फोहोरका कारण स्थानीयको जनजीवन कष्टकर बन्नुका साथै स्वास्थ्यमा प्रतिकूल असर पर्दै गइरहेकाले अब सधैंका लागि सिसडोल र बञ्चरेडाँडामा काठमाडौंको फोहोर (**बाँकी पृष्ठ ३ मा**)




**बञ्चरेडाँडास्थित फोहोर व्यवस्थापन गर्ने ल्याण्डफिल साइट र फोहोर व्यवस्थापन गर्न नदिने भन्दै सत्तारुढ तीन दलका स्थानीय संगठनले लेखेको संयुक्त पत्र ।** *फाइल तस्बिरः कामपा*

**सन्दर्भ : वैदेशिक रोजगार**

## १४ वर्षमा करिब ११ हजारको ज्यान गयो




■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो १४ वर्षको अवधिमा करिब ११ हजार नेपाली श्रमिकले वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएको पाइएको छ । वैदेशिक रोजगार बोर्डको सचिवालयले आइतबार उक्त तथ्यांक सार्वजनिक गरेको हो ।

बोर्डले आफ्नो स्थापनापश्चात् २०६५/६६ सालयताको तथ्यांक सार्वजनिक गर्दै १४ वर्षको अवधिमा १० हजार ९३२ जनाले ज्यान गुमाएको जानकारी दिएको छ । यस्तै दुई हजार १३५ जनाको अंगभंग भएको बोर्डले उल्लेख गरेको छ । यो तथ्यांक पुनः श्रमस्वीकृति लिएर गएकाबाहेकको हो ।

बोर्डको तथ्यांकअनुसार ५० लाखभन्दा बढी नेपाली रोजगारीका लागि विदेशमा रहेका छन् । बोर्डले झण्डै डेढ दशकको तथ्यांक उतारेर ५० लाख ८३३ जना नेपाली वैदेशिक रोजगारमा गएको जानकारी दिएको छ । बोर्ड सचिवालयले वैदेशिक रोजगार विभागलाई उद्धृत गर्दै कोरोना महामारीपश्चात् गत आर्थिक वर्षमा मात्रै छ लाख ३० हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा गएको जनाएको छ । वैदेशिक रोजगारीमा जाने यो नै अहिलेसम्मको सबैभन्दा ठूलो संख्या हो । आर्थिक वर्ष ०७०/७१ म पाँच लाख २७ हजार ८१४ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए ।

बोर्डले सुरक्षित वैदेशिक रोजगारीका लागि पछिल्ला चार वर्षमा अनलाइन प्रणालीबाट सेवा प्रवाह, श्रमिकको क्षमता अभिवृद्धि, सामाजिक सुरक्षामा आबद्धताको थालनी, सामाजिक तथा आर्थिक पुनः एकीकरणको थालनी, निःशुल्क सूचना तथा परामर्श सेवा, नयाँ कानुनहरूको तर्जुमा र कार्यान्वयनलगायत सुधारका कामहरू गरेको जनाएको छ ।

## बेलायत र दुबई पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि बेलायत र दुबई पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिबाट रकम लिएर फरार रहेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । बेलायतमा आकर्षक रोजगारी दिलाइदिने भन्दै एक जनाले १५ लाख रूपैयाँ र अर्कोले दुबईमा पठाइदिने भन्दै सात लाख ५० हजार रूपैयाँ ठगी गरेको आरोपमा प्रहरीले पक्राउ गरेको हो ।

फरक-फरक दुई घटनामा २२ लाख ५० हजार रूपैयाँ ठगी गरेको पाइएको प्रहरीले जनाएको छ । बेलायत पठाइदिने लोभ देखाएर १५ लाख रूपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२९ सामाखुसी बस्ने इलामका ३७ वर्षीय प्रकाश राईलाई आइतबार प्रहरीले पक्राउ गरेको उल्लेख गरेको छ । उनलाई उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले सिनामंगलबाट पक्राउ गरेको हो । राईले पाँच जनालाई सिजनल (मौसमी) भिसामा बेलायत जानका लागि प्रतिव्यक्ति नौ लाख रूपैयाँ लाग्ने र त्यहाँको एक प्रतिष्ठित कम्पनीमा चार लाख रूपैयाँ तलब हुन्छ भनी प्रलोभनमा पारेर ठगी गरेको पाइएको प्रहरीले जनाएको छ ।

उनले पाँच जनाबाट १५ लाख रूपैयाँ लिएको बताइएको छ । अभियुक्त राईले प्रतिव्यक्ति तीन लाख रूपैयाँको दरले रकम संकलन गरी फरार रहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो । राईलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगरमा पठाइएको प्रहरीले जनाएको छ ।

त्यसैगरी आइतबार नै दुबई पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा काठमाडौंको टोखा बस्ने सिन्धुपाल्चोक सुनकोसी गाउँपालिका-७ खाडीचौरका २७ वर्षीय अविनाश कार्कीलाई प्रहरीले पक्राउ गरेको छ । आकर्षक रोजगारीको प्रलोभन देखाई वर्किङ भिसामा दुबई जानका लागि सात लाख ५० हजार रूपैयाँ लाग्ने र त्यहाँ मासिक एक लाख रूपैयाँ कमाइ हुने भन्दै एक जनासँग सात लाख ५० हजार रूपैयाँ लिई फरार भएको अवस्थामा पक्राउ परेको प्रहरीले जनाएको छ । उनलाई पनि उपत्यका अपराध अनुसन्धान कार्यालयबाटै खटिएको प्रहरी टोलीले गोंगबुबाट पक्राउ गरेको हो ।

उनीहरू दुवै जनालाई वैदेशिक रोजगार विभागले पक्राउ गरी उपस्थित गराइदिन भनेपछि प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेका दुवैजनालाई वैदेशिक रोजगार विभागमा बुझाएको अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिए । ठगीमा परेका पीडितहरूले विभागमा वैदेशिक रोजगारीमा पठाइदिन्छु भन्दै पैसा लिएर फरार भएको उजुरी दिएका थिए । यसरी उजुरी दिनेहरूको नाम भने सार्वजनिक गरिएको छैन ।



## फोहोरमा ...

पृष्ठ १ बाट जारी

फाल्न बन्द गर्ने उनीहरूले घोषणा गरेका छन् ।

मानव स्वास्थ्य दैनिक बिग्रँदै गए पनि काठमाडौं महानगरपालिकालगायत सरोकारवालाले हलुका रूपमा लिएको उनीहरूको आरोप छ। स्थानीयले विभिन्न समयमा आफ्ना मागहरू राखेर आन्दोलन गर्दा पनि राज्यले ध्यान नदिएकाले ल्याण्डफिल साइटमा अबदेखि फोहोर फाल्न बन्द गर्ने विज्ञप्तिमा जनाएको छ।

'स्थानीय पीडित जनताहरूलाई विभिन्न खालको झूठो अभियोग लगाई दुःख दिन खोजियो । अब महानगर वा राज्यसँग सम्पूर्णरूपमा आफ्नो विश्वास गुमेकाले फोहोरमैला दीर्घकालीन बन्द गर्ने अभियानको नेतृत्व राजनीतिक दलले गरिदिनुपर्ने माग जोडतोडका साथ उठेको छ,' विज्ञप्तिमा भनिएको छ, 'सत्ता गठबन्धनको तर्फबाट यो समस्याको समाधान गर्न हामी तयार भएको जानकारीसहित तीनवटै पार्टीको नगर कार्यसमितिले तत्कालै हाम्रो नगरभित्रै रहेको प्रमुख पार्टी नेकपा एमालेसहित सबै दलको सर्वदलीय बैठक बोलाई फोहोरमैलाको समस्या समाधानको लागि अग्रसरता लिनुहुन माग गर्दछौं ।'

स्थानीय पीडित जनताहरू अहिले पनि आन्दोलनमै भएकोले आफूहरूले पनि आइतबारदेखि नै उक्त आन्दोलनमा सहभागिता जनाएको उनीहरूको भनाइ छ ।

**बालेन भन्छन्- राजनीतिक खेल नखेलौं**

सत्तारुढ दल आबद्ध नेताहरूले फोहोरमैला व्यवस्थापन अवरुद्ध गर्ने चेतावनी दिएपछि काठमाडौं महानगरपालिकाका प्रमुख शाहले 'कुहिएको राजनीतिक खेल नखेल्न' आग्रह गरेका छन् ।

तीन पार्टीका वडा समितिले पत्र लेखेपछि मेयर शाहले 'फोहोरको रास लगाएर त्योभित्र झन् कुहिएको खेल खेलेर त्यसलाई राजनीतिको नाम नदिन' आग्रह गरेका हुन् । 'राजनीति त्यस्तो हुँदैन । त्यस्तो राजनीतिले कसैलाई अगाडि बढाउँदैन । यसमा हेक्का राखौं,' बालेनले भनेका छन्, ' हामीले र हाम्रो संविधानले जुन राज्य प्रणालीको परिकल्पना गरेको छ, त्यसमा एउटा सरकारको तह र अर्को तहको आपसी समन्वय तथा मेलमिलापको नै कल्पना गरिएको छ । यसका विपरीत एउटा सरकारले अर्को तहको सरकारलाई असहयोग गर्नुपर्ने, असफल नै बनाउनुपर्ने खेल किन गरिन्छ ? हामी त्यति धेरै असभ्य र स्वार्थी किन छौं ?'

उनले आइतबार फोहोर विसर्जन गर्नका लागि भएका दुईवटा अवरोधको सामना गरिएपछि नयाँ अवरोधको कसरत भइरहेको पनि बताएका छन् । मेयर शाहले फोहोर विसर्जन कार्यलाई अवरोध गर्ने कोसिस विडम्बनापूर्ण भएको बताएका छन् । फोहोर व्यवस्थापनका लागि संरचना बनिसकेको, मुअब्जालगायतका काममा पाँच अर्ब खर्च भइसकेको पनि मेयर शाहले जानकारी गराएका छन् । सबै सम्झौताहरू वैधानिकरूपमा गरिएको र कसैले पनि नझुक्याएको उनको भनाइ छ ।

**सकिँदै अल्टिमेटम**

यता, सिसडोल र बञ्चरेडाँडाका स्थानीयले विगतमा भएका सम्झौता कार्यान्वयन गर्न सरकारलाई दिएको अल्टिमेटम अब दुई दिनमात्र बाँकी छ । भोलि, साउन ३१ सम्म विगतका सम्झौता कार्यान्वयन गर्ने प्रक्रिया अघि नबढे भदौ १ देखि काठमाडौं उपत्यकाको फोहोर पूरै निषेध गर्ने उनीहरूले साउन १२ गते नै चेतावनी दिएका थिए ।

काठमाडौंका सडकहरूमा अहिले नै फोहोरको डंगुर छ । यसअघि सिसडोलमा पहिरो जाँदा र त्यसपछि बञ्चरेडाँडा डम्पिङ साइट जाने बाटो मर्मतसम्भारका कारण एक महिनादेखि फोहोर उठ्न सकेको छैन । केही दिनयता विभिन्न ठाउँबाट फोहोर उठ्न थाले पनि पूरै सहर सफा हुन धेरै समय लाग्छ। यसबीच सिसडोल र बञ्चरेडाँडाका स्थानीयको माग सम्बोधन नहुने हो भने भदौ १ गतेदेखि यो समस्या थप पेचिलो बन्ने देखिन्छ।

गत जेठ २७ गते तत्कालीन सहरी विकासमन्त्री रामकुमारी झाँक्री, संघर्ष समिति र काठमाडौंका सांसदहरूको उपस्थितिमा भएको सम्झौतामा प्रभावित क्षेत्र निर्धारण गर्न विज्ञ टोली गठन गरेर वातावरणीय प्रभाव मूल्यांकन गर्ने र त्यसको प्रतिवेदन आइसकेपछि अधिग्रहण सुरू गर्ने भनिएको थियो। विज्ञ समितिले गुठी जग्गालाई रैकरमा परिणत गर्न प्रक्रिया सुरू गर्ने सम्झौता भनिएको थियो। सिसडोल र बञ्चरेका धेरै स्थानीयले गुठीका जग्गा उपभोग गरिरहेका छन्, जसको लालपुर्जा उनीहरूसँग छैन। उनीहरूको जीविकाको मुख्य स्रोत त्यही गुठीका जग्गामा गरिने खेती हो।

अधिग्रहण क्रममा गुठीका जग्गा सरकारले लग्यो भने स्थानीयले केही पाउँदैनन् । उनीहरूको जीविका खोसिन्छ र मुआब्जा पनि हात पर्दैन । यसले उनीहरूको उठिबास हुने खतरा छ । सरकारले यो मुद्दा सम्बोधन गर्नुपर्ने स्थानीयले माग गर्दै आएका छन् ।

यसैगरी, फोहोरको दीर्घकालीन समाधानका लागि कम्पोष्ट मल कारखाना खोल्नुपर्ने भनिएको छ। काठमाडौं महानगरपालिकाले साउन १ देखि नै कुहिने र नकुहिने फोहोर अलग-अलग संकलन गर्ने सार्वजनिक सूचना जारी गरिसकेको छ। तर, यो पूर्णरूपमा कार्यान्वयन भएको छैन। कुहिने फोहोरबाट मल बनाउन कारखाना स्थापना भएपछि मात्र नकुहिने फोहोर बञ्चरेडाँडामा फाल्न सजिलो हुन्छ।

तत्कालीन सहरी विकासमन्त्री झाँक्रीसँग सम्झौता गर्दा छ महिनाभित्र कारखाना स्थापना गर्नेबारे प्रतिवेदन पेस गर्ने भनिएको थियो । तर, अहिलेसम्म यसको प्रक्रिया अघि बढ्न सकेको छैन । यस्ता अन्य थुप्रै सम्झौता कार्यान्वयन नभएको भन्दै स्थानीय आक्रोशित बनेका छन्।

**गठबन्धनको ध्यानाकर्षण**

आइतबार नै बसेको सत्ता गठबन्धनको बैठकले काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ। प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको सत्ता साझेदार दलहरूको बैठकले उपत्यकामा थुप्रिएको फोहोर व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको हो।

बैठकले लामो समयदेखि उठ्न नसकेको उपत्यकाको फोहोरको समस्या यथाशक्य समाधान गर्न र बढ्दै गइरहेको महँगी नियन्त्रणका बारेमा सरकारको ध्यानाकर्षण गर्ने निर्णय गरेको बैठकमा सहभागी नेकपा एकीकृत समाजवादीका महासचिव बेदुराम भुसालले जानकारी दिए। सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले पनि फोहोर व्यवस्थापनमा देखिएको समस्या समाधानका लागि आवश्यक पहल गर्न सरकारलाई गठबन्धन बैठकले सुझाव दिएको बताए।

# १८ वर्ष पुगेको व्यक्तिले मात्र मतदान गर्न पाउने

**काठमाडौं (प्रस)**– निर्वाचन आयोगले यही साउन १९ गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गराएकामध्ये निर्वाचन हुने अघिल्लो दिन (मंसिर ३० मा) १८ वर्ष उमेर पुग्ने व्यक्तिले प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा मतदान गर्न पाउने स्पष्ट गरेको छ। आगामी मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकैपटक हुँदै छ।

आयोगको यही साउन २२ गतेको निर्णयबाट मतदाताले मतदानका लागि १८ वर्ष उमेर पुग्ने दिन (कट अफ डेट) निर्धारण भएको हो । यही साउन १९ गते आयोगको परामर्शमा नेपाल सरकारबाट निर्वाचन घोषणा भएको दिनसम्म मतदाता नामावलीमा नाम दर्ता खुल्ला गरिएको थियो। नामावलीमा दर्ता भएका व्यक्तिमध्ये मिति २०७९ मंसिर ३ गतेसम्म १८ वर्ष उमेर पुग्ने व्यक्तिले मात्र मतदान गर्न पाउने भएकाले अन्तिम मतदाता नामावलीमा नाम नभएका जुनसुकै उमेर समूहका व्यक्तिले प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा मतदान गर्न नपाउने कानुनी व्यवस्था रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारी विज्ञप्तिमा स्पष्ट गरिएको छ।


## मुल्य सूची

Akash International द्वारा विक्री वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरुको अधिकतम खुद्रा मुल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंम्बर | आकार / प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा विकी मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Akash International | 600413549 | LED Television | AWAI | LED TV 32" Frameless | 32" | 14,000/- | |

AKASH INTERNATIONAL | Kuleshwor, Kathmandu, Nepal. Ph: 4302480



## सच्याइएको

मिति २०७९ साउन २७ गते प्रभाव दैनिकको वर्ष ९ अंक ११० मा प्रकाशित भएको **सशस्त्र प्रहरी बल नेपाल नं.१८ गण हे.क्वा.** (नीलबाराही, काठमाडौं)को हाजिर हुन आउनेबारे सूचनाको देहाय: नाम थरमा **रेशम बहादुर तमाङ** हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको जानकारी गराइन्छ ।

**देहाय :**

| सि.नं. | आई.डी. नं. | दर्जा | नाम, थर | बाबुको नाम | दरबन्दी | कार्यरत स्थान | स्थायी वतन | गैरहाजिर मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५११७५ | सशस्त्र प्रहरी जवान | रेशम बहादुर तमाङ | भीम बहादुर तमाङ | सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गण हे.क्वा. नीलबाराही, काठमाडौं | सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गण हे.क्वा. नीलबाराही, काठमाडौं | जिल्ला, नुवाकोट साविक, मनकामना गा.वि.स. वडा नं. ०६ हाल किसपाङ गा.पा. वडा नं. ०५ | २०७९/०४/०१ गते | |



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RIGHT HANDS CLEANING SERVICES

पुर्व स्वीकृति मिति २०७८/११/०५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२९ | LT No.258041 | चलानी नं.६०१७४६७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 0 | 30 | 1000 | ३४,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 10 | 0 | 1000 | ३४,९७५ | | | | | | | |
| 3 | Representative | 2 | 0 | 2500 | ८७,४३५ | | | | | | | |
| 4 | Supervisor | 2 | 0 | 2500 | ८७,४३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: भदौ ६ गते (22nd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Govt. License 1518/074/075

Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 9801020501, 9810259009, 9851039010, 9851028467

E-mail : omoverseas36@gmail.com



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BIN SAFRAN TRADING & SERVICES

पुर्व स्वीकृति मिति २०७९/०२/११ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२९ | LT No.263567 | चलानी नं. ६०१७९७३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 0 | 18 | 1000 | ३४,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CASTLE LIMOUSINE

पूर्व स्वीकृति मिति २०७८/०३/०६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२९ | LT. No. 240011 | चलानी नं. ६०१५८९३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 50 | 0 | 1400 | ४८,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED ISSA AL HABIB METAL PRODUCTS CO

पूर्व स्वीकृति मिति २०७९/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२९ | LT. No. 268381 | चलानी नं. ६०१८४४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Labor | 5 | 0 | 1000 | ३३,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAWAKD CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२९ | LT. No. 268379 | चलानी नं. ६०१८४४४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Equipment Maintenance Worker | 5 | 0 | 1200 | ४०,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: भदौ ६ गते (22nd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251

FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL FAKHER MUG FACTORY FOR INDUSTRY

पूर्व स्वीकृति मिति : २०७९/०४/२९ | LT. No.269421 | चलानी नं. ६०१८५२८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 5 | 0 | 1000 | ३३,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

कम्पनी : AL MASTER TRADING CONT.& SERVICES WLL

पूर्व स्वीकृति मिति : २०७९/०३/०१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२९ | LT. No.265042 | चलानी नं. ६०१८१०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 2 | 0 | 1000 | ३४,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 1500 | ५२,४६० | | | | | | | |
| 3 | Electrician | 2 | 0 | 1100 | ३८,४७० | | | | | | | |
| 4 | Technician Gen | 1 | 0 | 1100 | ३८,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:भदौ ६ गते (22nd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ISHAN INTERNATIONAL OVERSEAS PVT. LTD. .** श्रम ईजाजत नं. ११९५/०७३/७४

Kathmandu N.P.-34, New Baneshwor, Kathmandu, BAGMATI

Tel: +01-4796201



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ARKAN FUNDAMENTAL

पूर्व स्वीकृति मिति २०७९/०२/२५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२९ | LT. No. 264568 | चलानी नं. ६०१८०६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Painter | 1 | 0 | 140 | ४६,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Painter Assistant | 1 | 0 | 140 | ४६,३२५ | | | | | | | |
| 3 | Tile Layer Assistant/helper | 1 | 0 | 140 | ४६,३२५ | | | | | | | |
| 4 | Tile Polisher | 1 | 0 | 140 | ४६,३२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: भदौ ६ गते (22nd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IMPERIAL CATERING L.L.C.

पूर्व स्वीकृति मिति २०७९/०४/०५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२९ | LT. No. 267702 | चलानी नं. ६०१८३६०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic Food Cook | 15 | 0 | 2000 | ६९,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 30 | 0 | 900 | ३१,२०५ | | | | | | | |
| 3 | Food And Beverage Manager | 1 | 0 | 2000 | ६९,३४० | | | | | | | |
| 4 | Foreign Food Cook | 30 | 0 | 2000 | ६९,३४० | | | | | | | |
| 5 | Kitchen Helper | 23 | 0 | 1000 | ३४,६७० | | | | | | | |
| 6 | Light Vehicle Driver | 30 | 0 | 2000 | ६९,३४० | | | | | | | |
| 7 | Waiter | 32 | 19 | 1000 | ३४,६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: भदौ ६ गते (22nd Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. श्रम ईजाजत नं. ११०८/०७३/०७४

**EMERALD ISLE NEPAL PVT. LTD.** (GULMI OVERSEAS PVT LTD)

Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323,

Email:- emeraldislenepal@gmail.com, info@einepal.com, cv.einepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EYE OF PROJECTS GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति: २०७९/०४/२७ | LT. No.269331 | चलानी नं. ६०१८५२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1100 | ३७,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Garden Cleaner | 1 | 0 | 1100 | ३७,३०५ | | | | | | | |
| 3 | Worker Building | 1 | 0 | 1100 | ३७,३०५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

कम्पनी : TARIQ BIN SALMAN BIN JUWAIBER MITITARY NUTRITION FARM

पूर्व स्वीकृति मिति: २०७९/०४/२७ | LT. No.269333 | चलानी नं. ६०१८५२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Work | 2 | 0 | 1000 | ३३,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CULINARY MASTERPIECES CO LTD

पूर्व स्वीकृति मिति: २०७९/०४/२७ | LT. No.269332 | चलानी नं. ६०१८५२५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1700 | ५७,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ६ गते (22nd Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL TAAZ INTERNATIONAL PVT.LTD.**

श्रम ईजाजत नं. १२५१/०७४/०७५

Shreetole - Basundhara Kathmandu

Tel: +977 -1- 5905101 / 5905102, Mob No. 9801147203/ 9801040620/ 9842482418,

E-mail: altaaznepal@gmail.com, Website www.altaazintl.com.np



## Government Of Oman को लागि Hospital हरूमा महिला/पुरुष General Practitioner हरूलाई रोजगार

कम्पनी : AL MILADI GLOBAL MANPOWER SERVICES

पूर्व स्वीकृति मिति : २०७८/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/२९ | LT. No. 255087 | चलानी नं. ६०१७१६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Practitioner | 40 | 10 | 900+ 300 | ३,९७,०९५ (Including Allowances) | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**Qualification :**

- General Practitioner : Mbbs Or Equivalent +4years Experience At Least 3 Years Of Medical Practice Should Be Full Time In The Speciality Practice In Privately Owned Unregistered Clinic Is Not Acceptable, Candidates Should Be Less Than 45 Years Of Age.

**NOTE :** Certificate Of Pakistan, Ukraine, China, Bangladesh, Russia & related Countries will not be accpeted by Oman Government

अन्तरवार्ता हुने स्थान: Tactic Hall, Aloft - Thamel, Kathmandu, Nepal

मिति: २०७९ भदौ ५, ६, ७, ८, ९ र १० गते (Aug 21,22,23,24,25 & 26th, 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kasturi International Service Pvt. Ltd.**

Govt. License 128/055/56

Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: 977-1-4441458, 977-1-4439647, Mob: 9840804807

E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com

# निजामती कर्मचारी संगठनले दियो आन्दोलनको चेतावनी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल निजामती कर्मचारी संगठनले आन्दोलनको चेतावनी दिएको छ ।

आइतबार केन्द्रीय कार्य समितिको दोस्रो बैठकको निर्णय सार्वजनिक गर्दै आन्दोलनका चेतावनी दिएको हो । संगठनका अध्यक्ष लेखनाथ कोइरालाले आफूहरूको माग बमोजिम तीन तहको कर्मचारीलाई मार्गनिर्देशन गर्ने ऐन जारी नभएमा संगठनको नेतृत्वमा चरणवद्ध आन्दोलनका कार्यक्रम अगाडि बढाउने चेतावनी दिएका हुन् । उनले आवश्यक परे आन्दोलनका लागि अन्य ट्रेड युनियनलाई समेत आह्वान गरिने जानकारी दिए ।

उनले प्रस्तावित संघीय निजामती सेवा ऐन स्थानीय, प्रदेस र केन्द्रीय तीन तहमा कार्यरत कर्मचारीहरूलाई मार्गनिर्देशन गर्ने मूल कानून निजामती सेवा ऐन जारी गर्न नेपाल सरकारले ढिलासुस्ती गरेको भन्दै आपत्ति जनाए ।

साउन २६,२७ र २८ गते भक्तपुरको गठ्ठाघरमा सम्पन्न भएको बैठकले महासचिव जीवन काफ्लेद्वारा प्रस्तुत 'सांगठनिक प्रतिवेदन' र कोषाध्यक्ष गणेश प्रसाद आचार्यद्वारा प्रस्तुत 'आर्थिक प्रतिवेदन' सुझाव सहित सर्वसम्मत पारित गरेको छ ।

अध्यक्ष कोइरालाले नेपाल निजामती कर्मचारी संगठन केन्दिय समितिको बैठकले दुरगामी महत्व राख्ने निर्णयहरू गरेको बताए । उनले दोस्रो बैठकमा लेखापरिक्षण, अनुशासन आयोग र निर्वाचन आयोगका अध्यक्ष तथा सदस्यहरूलाई २ दिने प्रशिक्षण दिएको बताए । उनले भने, 'संगठन केन्द्रीय कार्य समितिका १६ वटा विभागहरूको गठन, ११औं राष्ट्रिय अधिवेशनबाट निर्वाचित केन्द्रीय कार्य समितिका पदाधिकारी/सदस्यहरूको कार्य विभाजन गरेका छौं ।'

तीनै तहमा कार्यरत कर्मचारीलाई निजामती कर्मचारीको परिभाषामा समावेश गरी कर्मचारी तथा ट्रेड युनियनमैत्री ऐन जारी गर्न सरकारलाई विशेष पहल गरिने उनको भनाई थियो ।

अब संगठनले नियमित रूपमा गतिविधिहरू सार्वजनिक गर्ने बताए । उनले गतिविधि देखाउनकै लागि 'नेगो बुलेटिन' नामक किताब प्रकाशित गरेर सुरुआती गरेको स्पष्ट पारे ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YM GOLDEN SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०३/०२ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०४/२९ LT. No. 265082 चलानी नं. ६०१८११६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 4 | 0 | 1500 | ४२,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ६ गते (22nd Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aadarsha Human Resources Pvt. Ltd**

श्रम ईजाजत नं. १०२९/०६८/०६९

Sinamangal-9, Airport Kathmandu, Nepal. Tel: +977 1 4112702, 4112704
Fax: +977 1 4112703 Email: aadarshahr@gmail.com
Website : www.aadarshahr.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NETWORK OPERATION COMPANY FOR TELECOMMUNICATION

पूर्व स्वीकृति मिति : २०७९/०४/२९ LT. No. 269512 चलानी नं.६०१८५३२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Labor | 4 | 0 | 1000 | ३३,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ६ गते (22nd Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: १०,०००/-**


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.** Govt. License 1031/068/69

P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SWISS PROFILE (M) SDN.BHD.

पूर्व स्वीकृति मिति: २०७९/०४/२९ LT. No. 269405 चलानी नं. ६०१८५२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ ६ गते (22nd Aug. 2022)मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-


